# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ | सङ्ख्याः५ | राजपत्रमा प्रकाशित मितिः२०८१/०५/०५


## भाग २

### फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८१

# फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/३१*
*प्रमाणिकरण मितिः२०८१/०५/०२*

## प्रस्तावनाः

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार प्रत्याभूत गरको छ । वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाइ भएकोले स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको हुँदा प्रदूषणमूक्त वातावरण कायम राखी यस महानगरपालिकाको सरसफाइ र फोहोर मैला व्यवस्थापन महत्वपूर्ण पक्षको रुपमा रहको छ ।

बढ्दो शहरीकरण, बाहिरी तथा आयातित खानाका कारण विराटनगर महानगरपालिका क्षेत्रको फोहोर मैलाको उत्पादनमा तीव्रगतिमा बढोत्तरी भएको, वडाबासीहरुको फोहोर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी कार्यमा सकारात्मक परिवर्तन ल्याउन, फोहोर व्यवस्थापन विषयलाई विद्यालयको पाठ्यपुस्तकमा समावेश गर्न,सचेतना अभियान चलाउन, फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्र र टोल विकास संस्था तथा नागरिक समाजको सहभागिता सुनिश्चित गर्न, फोहोर संकलन (छुटाएर) देखी व्यवस्थापनका सबै जानकारी दिन, फोहोरको वर्गीकरण गर्न, अस्पतालजन्य फोहोर, प्लाष्टिकजन्य फोहोर लगायतका फोहोरहरुको प्रभावकारी व्यवस्थापन गर्न, फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी अवधारणा बमोजिम निजी क्षेत्रबाट फोहोर संकलन देखी शून्य फोहोर व्यवस्थापन गर्न स्पष्ट कार्ययोजना आवश्यकता देखिएकाले नेपालको संविधानको धारा २२१, २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम विराटनगर महानगरपालिकाको कार्यपालिकाबाट स्वीकृतिले यो फोहोर मैला व्यवस्थापन कार्यविधि२०८१लागु भएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि विराटनगर महानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

२.<u>परिभाषाहरुः</u>(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"फोहोर मैला"** भन्नाले घरेलु फोहोर मैला, औद्योगिक फोहोर मैला, रासायनिक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोर मैला वा हानिकारक फोहोर मैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोर मैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

ख. "**औद्योगिक फोहोर मैला**" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने फोहोर, हानिकारक तथा प्रदूषणयुक्त फोहोर मैला सम्झनु पर्दछ।

ग. "**हानिकारक फोहोर मैला**" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु सम्झनु पर्छ साथै पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ ।

घ. "**स्वास्थ्य संस्थाजन्य फोहोर मैला**" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहोर मैला सम्झनुपर्छ ।

ङ. "**रासायनिक फोहोर मैला**" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोर मैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

च. "**न्यूनीकरण**" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहोर मैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ।

छ. "**निष्कासन**" भन्नाले फोहोर मैला उत्पादन स्थलबाट स्थानीय निकायले तोकेका स्थानमा वा सवारी साधनमा हाल्ने कार्य सम्झनु पर्छ।

ज. "**संकलन केन्द्र**" भन्नाले घर घरबाट निस्केको फोहोर मैला संकलन गर्ने साधनमा राख्ने कार्य सम्झनु पर्छ।

झ. "**कन्टेनर**" भन्नाले फोहोर मैला सङ्कलन गर्ने निश्चित स्थानमा राखिएको फोहोर मैला थुपार्ने भाँडो, बाकस वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ ।

ञ. "**ढुवानी**" भन्नाले संकलित फोहोर मैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहोर मैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ।

ट. "**स्थानान्तरण केन्द्र**" भन्नाले संकलित फोहोर मैला विसर्जन गर्न फोहोर मैला व्यवस्थापन स्थल (फोहोर मैला प्रसोधन केन्द्र) मा लैजानु अघि फोहोर मैला संकलनको लागि स्थानीय निकायले तोकेको स्थान सम्झनु पर्छ।

ठ. "**प्रशोधन**" भन्नाले फोहोर मैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्याँस, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोर मैलाको व्यवस्थापन गर्ने सम्झनुपर्दछ ।

ड. "**प्रशोधन स्थल**" भन्नाले फोहोर मैलालाई प्रशोधन गरी मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ।

ढ. **"पुनःचक्रीय प्रयोग"** भन्नाले प्रविधिको प्रयोगद्वारा संकलित फोहोर मैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपायोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

ण. **"विर्सजन"** भन्नाले फोहोर मैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ ।

त. **"फोहोर मैला व्यवस्थापन स्थल (फोहोर मैला प्रसोधन केन्द्र)"** भन्नाले फोहोर मैला विसर्जन वा प्रशोधन गर्नको लागि स्थानीय निकायले तोकेको स्थल सम्झनु पर्छ।

थ. **"प्रदूषण"** भन्नाले फोहोर मैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय हास ल्याउने, क्षति पुऱ्याउने वावातावरणको लाभदायी वा उपभोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

## परिच्छेद-२
## फोहोर मैला उत्पादन संकलन, न्युनिकरण तथा निष्कासन सम्बन्धी व्यवस्था

३. <u>फोहोर मैला व्यवस्थापनमा महानगरपालिकाको मुख्य जिम्मेवारी रहनेः</u>

क. फोहोर मैला व्यवस्थापनका निम्ति फोहोर मैला व्यवस्थापन स्थल, प्रशोधन केन्द्र, कम्पोष्ट प्लान्ट, वायोग्याँस प्लान्ट लगायत फोहोर मैलाको संकलन, अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण, फोहोर मैला मैत्री ढुवानी साधन सञ्चालन गर्ने मुख्य जिम्मेवारी महानगरपालिकाको हुनेछ ।

ख. फोहोर मैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोर मैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोर मैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने अधिकार महानगरपालिकाको हुनेछ ।

ग. हानिकारक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोर मैला वा औद्योगिक फोहोर मैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोर मैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।महानगरपालिकाले हानिकारक फोहोरको व्यवस्थापन गर्ने प्रविधिको केन्द्र स्थापना आफै वा निजी क्षेत्रबाट सञ्चालन गरेमा हानिकारक फोहोर मैला उत्पादक गर्ने संस्थाहरुले महानगरपालिकालाई शःसुल्क फोहोर दिनुपर्ने छ ।

घ. कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोर मैला, रासायनिक फोहोर मैला तथा औद्योगिक फोहोर मैला प्रशोधन गरी बाँकी रहेको फोहोर मैला तथा अन्य फोहोर मैलाको व्यवस्थापन गरिदिन महानगरपालिकालाई अनुरोध गरेमा वा महानगरपालिकाले निर्माण गरेको फोहोर मैला स्थल प्रयोग गर्न माग गरेमा महानगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोर मैलाको व्यवस्थापन गरिदिन वा फोहोर मैला व्यवस्थापन स्थल प्रयोग गर्नदिन सक्नेछ ।

४.फोहोर मैलाको उत्पादन कम गर्नेः

क. कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहोर मैला यथासक्य कम गर्नु पर्नेछ ।

ख. आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोर मैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोर मैला मात्र निष्कासन गरी फोहोर मैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति संस्था वा निकायको कर्तव्य हुनेछ ।

५. फोहोर मैलाको पृथकीकरणः

क. महानगरपालिकाले फोहोर मैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्ट्याउने गरी तोक्नु पर्नेछ ।

ख. महानगरपालिकाले तोकिदिए बमोजिम व्यक्ति संस्था वा निकायको फोहोर मैलालाई विभिन्न तहमा छुट्ट्याउनु पर्नेछ र उक्त छुट्ट्याइएको फोहरहरुलाई महानगरपालिका वा महानगरपालिकाले छनौट गरेको निजी क्षेत्रको ढुवानीमा फोहोर मैला दिनुपर्नेछ ।

ग. हानिकारक फोहोर मैला वा रासायनिक फोहोर मैलालाई अन्य फोहोर मैलामा मिसाउन पाइने छैन।

६. फोहोर मैलाको निष्कासनः

क. फोहोर मैला निष्काशनको समय, स्थान र तरिका महानगरपालिका वा महानगरपालिकाले छनौट गरेको निजी क्षेत्रले निर्धारण गरे बमोजिम हुनेछ ।

ख. हानिकारक फोहोर मैला वा रासायनिक फोहोर मैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोर मैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

ग. हानिकारक फोहोर मैला वा रासायनिक फोहोर मैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहोर मैलामा मिसाउन पाइने छैन।

घ. संरचना एवं घर, गोदाम घर, औद्योगिक भवन, मल, सडक, नाला आदि निर्माण तथा मर्मत सम्भार गर्दा निष्कने फोहोरको व्यवस्थापन तथा उक्त संरचनाबाट निस्केको फोहोरले नाला जाम हुने भएकोले नाला सफाई समेत गर्ने दायित्व सम्वन्धित उत्सर्जन कर्ताको हुनेछ तर उत्सर्जन कर्ताले फोहोर संकलन गर्ने नीजि क्षेत्र वा महानगरपालिकालाई तोकिए बमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ।

ङ सडक एवं फुटपाथमा निर्माण सामाग्री राख्दा महानगरपालिकाले तोकिए वमोजिमको शुल्क अग्रिम बुझाई तोकिए वमोजिमको समयसम्म वडा समितिको कार्यालयको सिफारिसमा नगर प्रहरीले अनुमति लिई राख्न सक्नेछ ।

च. महानगरपालिका भित्र जथाभावी वर्कसप, मोटरसाइकल मर्मत व्यवसाय, कवाडी आदि सडक पेटी तथा नालामाथि खोल्ने कार्यलाई निरुत्साहित गर्दै महानगरपालिकासँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहोर व्यवस्थापनको सुनिश्चितता गर्दै वर्कसप, मोटरसाइकल मर्मत व्यवसाय

तथा कवाडी व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ, वर्कसपको फोहोरकालो पानी एवं अन्य फोहोरलाई नालामा नपठाई छुट्टै सोक्ता बनाई विर्सजन गर्नु पर्नेछ ।

छ. नयाँ बन्ने घर, पसल, व्यवसाय, होटल आदिको भान्सा र वाथरुमको पानी सम्भव भएसम्म आफ्नो कम्पाउण्ड भित्र सोक्ता बनाई(Ground Water Recharge System) व्यवस्थापन गर्न घरधनी, पसल, व्यवसाय, होटल आदिलाई प्रेरित गर्ने तर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएमा पानी छानेर मात्र सतह ढल एवं नालीमा पठाउनु पर्नेछ।

ज. सडक पेटीमा तथा नालामा व्यवसाय गर्ने (लिची, केरा, आप, सुन्तला, साग सब्जी, लुगाफाटो, खेलौना, फुक्ना, मोःमो, फास्टफुड, चिया, खाजा आदि) व्यवसायीहरुले सडक, पेटीमा तथा नालामा फोहर गरेमा त्यस्ता व्यवसायीहरुको व्यवसायको सामाग्री जफत गरिनेछ ।

७. <u>संकलन केन्द्र तोक्नेः</u>

क. महानगरपालिकाले वा महानगरपालिकाले तोकेको निजी क्षेत्रले फोहोर मैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ ।

ख. फोहोर मैला संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा वस्तीका सबैलाई सहज पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नुपर्नेछ।

८. <u>फोहोर मैलाको ढुवानीः</u>

क. संकलन केन्द्रमा जम्मा भएको फोहोर मैलालाई फोहोर मैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व महानगरपालिका वा महानगरपालिकाले तोकेको निजी क्षेत्रको हुनेछ।

ख. फोहोर मैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ। यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ ।

ग. फोहोर मैला ढुवानी गर्दा महानगरपालिकाले फोहोर मैलाको पृथकीकरण सहित स्रोतमा छुट्टयाई निष्कासन तथा संकलन गरिएको फोहोर मैलाको अलग-अलग ढुवानी गर्नुपर्नेछ।

९.<u>फोहोर मैलाको न्युनिकरण, पुनः प्रयोग तथा पुनःचक्रीय प्रयोगः</u>

महानगरपालिकाले फोहोर मैला न्युनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक परे महानगरपालिकाले निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

१०.<u>पशुपन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्थाः</u>

क. गाई भैंसी, खसी बाखा, बोइलर कुखुरा फर्म र बंगुरपालन फर्म लगायतका व्यवसाय गर्नेले व्यवसायबाट निस्कने फोहोरको सदस्यता लिएर मात्र व्यवसाय गर्ने र छरछिमेकलाई असर नपर्ने गरी महानगरपालिकाले तोके बमोजिमको मापदण्ड बमोजिम गर्नुपर्ने छ।

ख. वडाभित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई ल्याण्डफिल साइटमा लगी उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ । पशु धनी पहिचान भएमा मृत पशु लाई सम्बन्धित धनीले घर परिसरमा नै खाल्डो खनी व्यवस्थापन गर्न लगाइने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा महानगरपालिकाले तोके बमोजिमको सेवा शुल्क बुझाई व्यवस्थापन गर्नु पर्नेछ। साना पशु पन्छीलाई वडा समितिको अनुमतिमा वडाभित्रका खाली ठाँउमा खाल्डो खनी व्यवस्थापन गर्न सकिनेछ।

११.<u>शौचालयको दिसा एवं लेदो व्यवस्थापनः</u>

क. शौचालय निर्माणकर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा सोक्ता ट्यांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक ट्यांकी होल्डीङ ट्यांक वा सेफ्टीक ट्यांक बनाउनु पर्नेछ । शौचालयको पानीलाई सतहढलमा पठाउन पाइने छैन ।

ख. शौचालयको लेदो फाल्ने व्यक्ति वा फर्मको सम्पर्क नम्बर प्रत्येक टोल विकास संस्थालाई जानकारी वडा कार्यालयले गराउनेछ र टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई ट्यांकी भरिनु पूर्व नै सम्वन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ । शौचालयको लेदो फाल्ने व्यक्ति वा फर्मले महानगरपालिकाद्वारा संचालित फोहोर पानी प्रसोधन केन्द्रमा शुल्क तिरी अनिवार्य बिसर्जन गर्नु पर्नेछ ।

ग. महानगरपालिका आफै वा नीजि क्षेत्रको सहकार्यमा सक्सन ट्यांकर प्रवन्ध गरी सेवा प्रवाह गर्न सक्नेछ ।

घ. सक्सन ट्यांकर सेवा दिने सबै सेवा प्रदायकहरुले सेवा प्रदानका लागि महानगरपालिकामा सूचिकृत हुनुपर्नेछ ।

१२. <u>निजी क्षेत्रले उत्पादन गर्ने सामग्रीको खोलमा अनिवार्य रुपमा छाप्नु पर्ने नारा तथा लोगोः</u>

क.विराटनगर महानगरपालिका क्षेत्रभित्र उत्पादन हुने कुनै पनि वस्तु/सामग्रीको खोल/प्याकेज ५ इन्च X ५ इन्चभन्दा ठुलोभए खोलमा न्युनिकरण, पुनः प्रयोग तथा पुनःचक्रीय सहित यो लोगो छाप्नु पर्नेछ ।

ख.विराटनगर महानगरपालिका क्षेत्र भित्र उत्पादन हुने कुनै पनि वस्तु/सामग्रीको खोल/प्याकेज ५ इन्च X ५ इन्चभन्दा सानो भए खोलमा 3R सहित यो लोगो छाप्नु पर्नेछ ।

## परिच्छेद - ३

## फोहोर मैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

१३. <u>फोहोर मैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था निम्नानुसार हुनेछः</u>

क. महानगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोर मैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि प्रचलित कानूनको अधीनमा रही फोहोर मैला व्यवस्थापन तथा प्रशोधन स्थल तोकन सक्नेछ।

ख. फोहोर मैला व्यवस्थापन स्थल तोक्नको लागि महानगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोर मैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नदेखिएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी वा अन्य संघ संस्था वा निकायसँग आपसी सहमतिमा व्यवस्थापन स्थल तोक्न सक्नेछ।

ग. फोहोर मैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि प्रदेश वा संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

घ. महानगरपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटैफोहोर मैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तहबीच आवश्यकसमन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र सर्तमा संयुक्तरुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

ङ.महानगरपालिकालेफोहोर मैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपलेसंवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

च. महानगरपालिकाकोफोहोर मैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएकोवातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ।

छ. महानगरपालिकाको कार्यालयबाट अनुमति नलिई कुनै पनि व्यक्ति, संस्था वा निकाय फोहोर मैला व्यवस्थापन स्थलमा प्रवेश गर्न वा फोहोर मैला बिसर्जन गर्न सक्ने छैन । अनुमति नलिई फोहोर मैला व्यवस्थापन स्थलमा प्रवेश गरेको पाईएमा वा पुष्टी भएमा पहिलो पटकको रु.१,०००।-जरिवाना गरिनेछ । दोस्रो पटक पनि अनुमति नलिई फोहोर मैला व्यवस्थापन स्थलमा प्रवेश गरेको पाईएमा रु.२,०००।- र पटक पटक भएमा दुवानी साधन जफत गर्न सक्नेछ ।

## परिच्छेद-४

## फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता

१४. <u>अनुमति सम्बन्धी व्यवस्थाः</u>

क. महानगरपालिकाको अनुमति नलिई कसैले पनि फोहोर मैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

ख. महानगरपालिकाले **"विराटनगर महानगरपालिका, सार्वजनिक-निजी साझेदारी ऐन, २०७८"** बमोजिम निजी क्षेत्रलाई खुल्ला प्रतिस्पर्धा मार्फत छनौट पश्चात सम्झौता गरी अनुमति दिन सक्नेछ ।

घ. फोहोर मैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलबध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधि भित्र त्यस्तो प्रविधि हस्तारान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृत लिई महानगरपालिकाले सम्झौताको परिधी भित्र रही

अनुमति दिन सक्नेछ ।

१५.निजी क्षेत्रबाट फोहोर मैला व्यवस्थापनको काम गराउन सकिनेः

क. महानगरपालिकाले आवश्यकता अनुसार "**विराटनगर महानगरपालिका, सार्वजनिक-निजी साझेदारी ऐन, २०७८"** बमोजिम फोहोर मैलामा कार्यरत अनुभवी तथा अनुमति प्राप्त निजी क्षेत्रका कम्पनीबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन का विषयमा तोकिएका शर्तहरुको आधारमा फोहोर मैला व्यवस्थापन गराउन सक्नेछ।

## परिच्छेद-५

## फोहोर मैला व्यवस्थापन सेवा तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

१६. सेवा शुल्क उठाउन सक्नेः

क. महानगरपालिका वा महानगरपालिकाले निजी क्षेत्रबाट फोहोर मैला व्यवस्थापन गरेको भए निजी क्षेत्रले घरधनी, पसल, व्यवसाय, विद्यालय, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ ।

ख. यस कार्यविधि बमोजिम निर्धारण गरिएको शुल्क महानगरपालिकाले वा तोकेको निजी क्षेत्रले उठाउन सक्नेछ ।

ग. निजी क्षेत्रबाट फोहोर मैला व्यवस्थापन हुने भएमा त्यस्तो निजी क्षेत्रले कार्यपालिकाबाट तोकिए बमोजिम शुल्क उठाउन सक्नेछ ।त्यस्तो शुल्क वापत प्राप्त हुन आएको आम्दानी वितरण र लागत साझेदारी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१७. सरसफाईसेवा अनिवार्य सम्बन्धः

क. घर, पसल, व्यवसाय, सरकारी कार्यालय, गैर सरकारी संस्था, वित्तीय संस्था, सहकारी, विद्यालय, धार्मिक स्थल आदिले अनिवार्य सरसफाईको सदस्यता लिनु पर्नेछ । घर, पसल, व्यवसाय, सरकारी कार्यालय, गैर सरकारी संस्था, वित्तीय संस्था, सहकारी, विद्यालय, धार्मिक स्थल आदिले बार्षिक नविकरण वा राजस्व तिर्नुपर्दा अन्य कागजात सहित सरसफाई सदस्यता कार्डको प्रतिलिपि अनिवार्य संलग्न गरिमात्र नवीकरण वा राजस्व वडामा बुझिनेछ ।

ख. नयाँ निर्माण हुने भवन, मल, व्यावसायिक भवन, सेवा सदन, सामुदायिक भवन आदिको अन्तिम नक्सा इजाजत लिन आउँदा सरसफाई सदस्यता कार्डको प्रतिलिपि अनिवार्य संलग्न गरिमात्र नक्सा इजाजत पत्र महानगरपालिका/वडा कार्यालयले जारी गर्नेछ ।

ग. भवन, मल, व्यावसायिक भवन, सेवा सदन, सामुदायिक भवन आदिले भवन बहाल दिँदा फोहोर मैलाको व्यवस्थापन सम्बन्धित घरधनीले सुनिश्चित गर्नु पर्नेछ ।

घ. महानगरपालिकाद्वारा गठन हुने टोल विकास संस्था, सहकारी संस्था, उपभोक्ता समिति, आमा समूह, एकल महिला समूह आदि गठन गरिने समितिका पदाधिकारीहरुले अनिवार्य रुपमा अन्य कागजात संगै सरसफाई सदस्यता कार्डको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ङ. सडक पेटीमा तथा नालामा व्यवसाय गर्ने (लिची, केरा, आप, सुन्तला, साग सब्जी, लुगाफाटो, खेलौना, बेलुन, मोःमो, फास्टफुड, चिया, खाजा आदि) व्यवसायीहरुले सरसफाई सदस्यता कार्ड लिनु पर्नेछ वा फरक फरक वडामा व्यवसाय गर्नेहो भने दैनिक सरसफाई वापतको पटके सफाई शुल्क भुक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद-६

## कसूर, सजाय तथा पुरस्कार

१८. कसूरः(१)फोहोर मैलामा कसैले देहायको कुनै काम गरेमा यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछः

क. महानगरपालिकाद्वारा तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहोर मैला निष्काशन गर्ने,

ख. कण्टेनर वा फोहोर मैला सङ्कलन केन्द्रमा राखिएको फोहोर मैला अनधिकृत तवरले प्रयोग गर्ने,

ग. फोहोर मैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

घ. यस कार्यविधि बमोजिम अनुमति नलिई फोहोर मैला व्यवस्थापनको कार्य गर्ने,

ङ. यस कार्यविधि बमोजिम फोहोर मैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

च. फोहोर मैला सङ्कलक केन्द्र, कण्टेनर वा फोहोर मैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राखे वा थुपार्ने,

छ. घर, कम्पाउण्ड तथा परिसरको फोहोर मैला सडक, पेटी, नाला वा अन्य सार्वजनिक स्थानमा राखे फाल्ने वा थुपार्ने,

ज. फोहोरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, महानगरपालिकाले फोहोर मैला न्यूनीकरण गर्न तथा नगर सफा गर्नको लागि प्रवाह गरेको सुचनाको बेवास्ता गरी सडक पेटी तथा नालीमा फोहोर फाल्ने, शौचालयको पानीलाई सतह ढलमा पठाउने, सेफ्टी टंकी नालीमा मिसाउने वा कुनै सार्वजनिक स्थल नदी खोलामा मिसाउने,

झ. महानगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोर जथाभावी फाल्ने वा निष्काशन गर्ने वा गराउने,

ञ. रासायनिक, औद्योगिक, प्रतिष्ठान वा स्वस्थ्य संस्थाजन्य वा हानिकारक फोहोर मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ट. म्याद नाघेको (समयावधि सकिएको)औषधि अनियमित रुपमा नष्ट गर्ने,

ठ. फोहोर मैला सङ्कलन, व्यवस्थापन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने, महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

ड. महानगरपालिकाले/निजी क्षेत्रले फोहोर प्रसोधन केन्द्र सञ्चालनको सूचना जारी गरे पश्चात स्रोतमै फोहोर मैलाको पृथकीकरण नगरी फोहोर मैला मिसाएर निष्काशन गर्ने,

ढ. मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल सडक, गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

१९. <u>सजायः</u>

क. घर, कम्पाउण्ड तथा परिसरको फोहोर मैला सडक, पेटी, नाला वा अन्य सार्वजनिक स्थानमा राख्ने फाल्ने वा थुपार्ने, तोकिएको समय र स्थान वाहेक अन्यत्र फोहोर मैला निष्काशन गर्ने, कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने, अनुमति नलिई फोहोर मैला व्यवस्थापनको कार्य गर्ने व्यक्ती वा संस्थालाई पहिलो पटक भए एक हजार देखी दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर दोस्रो पटक पनि भए दश हजार रुपैयाँ देखी पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहोर मैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल गर्न सक्नेछ । सोभन्दा बढी पटक गरेमा व्यवसायको हकमा केही समयको लागि व्यवसाय बन्द गर्न सकिनेछ ।

ख. रासायनिक, औद्योगिक, स्वस्थ्य संस्थाजन्य वा हानिकारक फोहोर मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने, रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको)औषधि जथाभावी नष्ट गर्ने, व्यवसायलाई अवस्था हेरी पहिलो पटक भए पच्चीस हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर दोस्रो पटक पनि भए सोको डबल रकम जरिवाना गरी फोहोर मैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल गर्न सक्नेछ । सोभन्दा बढी पटक गरेमा व्यवसायको हकमा केही समयको लागि व्यवसाय बन्द गर्न सकिनेछ ।

ग. फोहोर मैला सङ्कलन, व्यवस्थापन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यमा हड्ताल गर्ने, महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने, महानगरपालिका/निजी क्षेत्रले फोहोर प्रशोधन केन्द्र सञ्चालनको सूचना जारी गरे पश्चात स्रोतमै फोहोर मैलाको पृथकीकरण नगरी फोहोर मैला मिसाएर निष्काशन गर्ने, मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थलसडक,गल्ली चोकमा राखे, फाल्ने वा थुपार्ने, शौचालयको पानीलाई सतहढलमा पठाउने, सेफ्टी टंकी नालीमा मिसाउने, वा कुनै सार्वजनिक स्थल नदी खोलामा मिसाउने जो कोहीलाई पहिलो पटक अवस्था हेरी पन्ध्र हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर दोस्रो पटक पनि भए सोको डबल रकम जरिवाना गरी फोहोर मैला उठाउँदा लाग्ने खर्च

समेत निजबाट असूल गर्न सक्नेछ । सोभन्दा बढी पटक गरेमा व्यवसायको हकमा केही समयको लागि व्यवसाय बन्द गर्न सकिनेछ ।

घ. सडक पेटीमा तथा नालामा व्यवसाय गर्ने (लिची, केरा, आप, सुन्तला, साग सब्जी, लुगाफाटो, खेलौना, बेलुन, मोःमो, फास्टफुड, चिया, खाजा आदि) व्यवसायीहरुले सडक, पेटीमा तथा नालामा फोहर गरेमा त्यस्ता व्यवसायीहरुको व्यवसायको सामाग्री जफत गरिनेछ ।

ङ. दफा १९ को क, ख, गरघको पहिलो पटकको जरिवाना सरसफाई ब्यबस्थापन शाखा प्रमुखले तोक्ने र दोस्रो पटकको जरिवाना प्रमुख प्रशासकीय अधिकृतको सहमतिमा सरसफाई व्यवस्थापन शाखा प्रमुखले तोक्नेछ । दोस्रो पटकको सजाय हुँदा पनि अटेर गरेमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतमार्फत प्रमुख जिल्ला अधिकारीज्यूमा थप सजायको सिफारिशका लागि पत्राचार गर्न सकिनेछ ।

च. दफा १२ को क र ख पालना २०८१ चैत्र मसान्त सम्म पुरानो छपाई भण्डारन सकिने अवधि राखेर सो भन्दा पछिको खोलमा न्युनीकरण, पुनः प्रयोग तथा पुनःचक्रीय वा 3R सहित लोगोलाई स्टिकर बनाई बिक्रि गर्नुपर्नेछ र २०८२ वैशाख १ गते पछिको खोलमा भेटिएमा उक्त उत्पादनलाई जफत गरिनेछ ।

२०. <u>पुरस्कारः</u>

क. महानगर सफा पार्नको लागि फोहोर मैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोर मैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई महानगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

ख. यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहोर मैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई महानगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

ग. टोल विकास, सहकारी, विद्यालय, गैससं, व्यक्ति, संस्था, व्यवसायी आदिले कुनै सडकलाई शून्य फोहोर व्यवस्थापन गरेमा त्यस्ता टोल विकास, सहकारी, विद्यालय, गैससं, व्यक्ति, संस्था, व्यवसायी आदिलाई सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

घ. सरसफाई ब्यबस्थापन शाखाबाट एक आर्थिक वर्षमा जरिवाना वापत नगद उठेको रकमको तीस प्रतिशत रकम प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा सफाई कर्मचारीहरुलाई नगद दिने।

## परिच्छेद-७

## विविध

२१. <u>फोहोर मैला व्यवस्थापन तथा अनुगमन</u> :

क. महानगरपालिका क्षेत्र भित्रका घर, पसल, व्यवसाय आदि तथा सरकारी, सहकारी, निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरु आदिले फोहोर मैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था

गरे नगरेको वन, वातावरण तथा विपद् व्यवस्थापन समिति तथा सरसफाई व्यवस्थापन शाखा आदि मार्फत अनुगमन गरि सुरक्षित व्यवस्थापन गरेको नपाइएमा आवश्यक कारबाहीको प्रक्रिया अगाडि वढाउन सक्नेछ ।

ख. महानगरपालिकाले स्वास्थ्य संस्थाहरुले संस्था चलाउँदा सरसफाइको लागि पालन गर्नु पर्ने विशेष शर्त र मापदण्ड समेत तोकिदिन सक्नेछ ।

२२. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>

फोहोर मैला व्यवस्थापन सम्बन्धी बिषयमा यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।